नेपाल सरकार
जनसंख्या तथा वातावरण मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग

पत्र संख्या : ०७३।०७४

च. नं. : १८३

# प्रेस विज्ञप्ती

बि.सं. २०७२ फागुन ४ को मन्त्रिपरिषदको निर्णयानुसार सोलुखुम्बु जिल्ला, सगरमाथा राष्ट्रिय निकुञ्जमा अवस्थित ईम्जा हिमतालको पानीको सतह कम गर्ने कार्य नेपाली सेना मार्फत् भईरहेको व्यहोरा सर्वविदितै छ । सोहि अनुरुप, ईम्जा हिमतालको पानीको सतह ३.४ मि.ले कम गर्ने कार्यको लागि आवश्यक संरचनाहरुको निर्माण कार्य सम्पन्न भैसकेको व्यहोरा अवगत गराउंछौ । हाल ईम्जा हिमतालमा निर्माण भएका ती संरचनाहरुबाट परिक्षणको रुपमा नियन्त्रित तवरले मिति २०७३।०६।०८ गते बिहान ९:०० बजेदेखि २०७३।०६।१५ गते सम्म पानीको निकास गर्न लागिएकोले ईम्जा खोला तथा दुधकोसी नदीका तल्लो तटिय क्षेत्र छुकुङदेखि जुभिङ्गसम्मका बासिन्दाले थप सतर्कता अपनाउन हुन हार्दिक अनुरोध छ ।

ईम्जा हिमतालबाट नियन्त्रित रुपमा पानीको निकास गर्ने कार्य सुरु भएको मितिले एक हफ्तासम्म नियमित रुपमा पानी निकास गरिने योजना रहेको छ । यस परिप्रेक्ष्यमा, यी क्षेत्रहरुमा कुनै पनि प्रतिकुल असर नपर्ने व्यहोरापनि जानकारी गराउन चाहान्छौ । तथापि, नदीमा कुनैपनि समयमा पानीको बहाव बढ्न सक्ने सम्भावना भएकोले यी क्षेत्रका वासिन्दाहरुले थप सतर्कता तथा सावधानी अपनाउनुको साथै अस्वभाविक रुपमा नदीमा पानीको बहाव बढ्न गएमा तत्काल सुरक्षित स्थानतर्फ जान र जल तथा मौसम विज्ञान विभागको आपतकालिन कक्षको टोल फ्रि नम्बर ११५५ र जिल्ला तथा ईलाका प्रशासन कार्यालयहरुमा सम्पर्क गरी जानकारी गराउनु हुन समेत अनुरोध छ ।

यसका साथै ईम्जा हिमतालदेखि ५० कि.मि. तल्लो तटिय क्षेत्रका वस्तीहरुमा कार्यरत कार्यदलहरुलाई सकृय रही स्थानीय वासिन्दाहरुलाई सू-सूचित गर्न, कार्यदलहरु वीच एक आपसमा सूचना आदन–प्रदान गरी सम्पर्कमा रहनु हुन र समुदायमा आधारित बाढी तथा हिमताल विष्फोटन् जोखिम न्युनीकरण आयोजना/जल तथा मौसम विज्ञान विभागसँग नियमित सम्पर्कमा रहन हुनपनि अनुरोध गर्दछौं ।

नागपोखरी, नक्साल, पो. ब. नं. : ४०६, काठमाडौं, नेपाल
फोन नं. : ४४३६२७२, ४४२८५३२, ४४४१०९२, ४४२८२२९, ४४३३५६३
फ्याक्स नं. : ४४२९९१९, ४४२६१३६
ईमेल : info@dhm.gov.np
वेवसाइट : www.dhm.gov.np, www.mfd.gov.np
www.hydrology.gov.np